# आपतकालीन आश्रय स्थलमा जीवन यापनको नियम

आपतकालीन आश्रय स्थलमा , सीमित स्थानमा धेरै ब्यक्तिहरु साझा जीवन बिताउनु पर्ने हुन्छ। जापानीहरु पनि बिदेशीहरु पनि नियम पालन गरी सबै मिलेर एक आपसमा सहयोग गरेर जीवन बिताउनु होस।

| | |
|---|---|
| आपतकालीन आश्रय स्थल भन्नाले | दैवी प्रकोपको कारण धर भत्कने आदिले गर्दा आफ्नो धरमा जीवन बिताउन नसक्ने ब्यक्तिहरु केही समयको लागि जीवन यापन गर्ने स्थान हो। |
| आपतकालीन आश्रय स्थलको सञ्चालनको बारेमा | आपतकालीन आश्रय स्थल, गाउँ तथा शहर इत्यादि क्षत्रिय वासिन्दाहरुमा केन्द्रित आपतकालीन आश्रय स्थल सञ्चालन गर्ने संगठन ब्यबस्थापन गरेर सञ्चालन गरिन्छ। तपाईंहरु पनि सबै जना संगठनको कार्यक्रममा सम्मिलित भएर सहयोग गर्न सक्रिय रुपमा सञ्चालनमा भाग लिनुहोस। |
| आपतकालीन आश्रय स्थलमा जीवन यापनको सामान्य नियम तथा म्यानर | कृपया आपसी सहयोग गर्ने भावना लिएर जीवन बिताउनु होस। |
| | जीवन यापनमा बाधा नपर्ने गरी नियम पालन गर्नु होस। |
| | बूढापाकाहरु, शारीरिक रुपमा अपांगहरु तथा बालबालिकाहरु बोकी राखेका ब्यक्तिहरुलाई ध्यान दिनुहोस। |
| | स्वास्थ खराब भएमा तुरुन्त खबर गर्नुहोस। साथै स्वास्थ खराब भएका ब्यक्तिहरु देखिएमा आपतकालीन आश्रय स्थल सञ्चालन गर्ने संगठनमा खबर गर्नुहोस। |
| | काँचको झ्यालहरु फुटेर काँच छरिएका कोठाहरुमा तथा 'भित्र पस्न मनाही छ' भनेर लेखिएका कोठाहरुमा नपस्नुहोस। |
| | विदेशीहरुमा आफ्नो एउटै भाषा बोल्ने अरु ब्यक्तिहरु भएमा सक्रिय रुपमा जानकारी आदान प्रदान गर्नुहोस। |
| | त्यस बाहेक नबूझेका कुराहरु भएमा आपतकालीन आश्रय स्थल सञ्चालन गर्ने संगठनमा सल्लाह गर्नुहोस। |
| खाना तथा अन्य पदार्थ | खाना इत्यादि वितरण गरिंदा आफ्नो पालो पर्खनुहोस। |
| | खाना इत्यादि अभाव भएको बेलामा स- साना बालबालिकाहरु, गर्वबतीहरु, अपांगहरु आदि लाई वितरण गर्ने प्राथमिकता दीईंनेमा सहयोग गर्नुहोस। |
| | खाना समय टोकेर वितरण गरिने छ।<br>वितरणको बेलामा आपतकालीन आश्रय स्थल दर्ता कार्ड पेश गर्नु जरूरी हुनेछ। |
| | स- साना बाल बालिकाको खाना (बेबी फुद), पाउडर दूध, जाऊलो तथा डायपर आदि जरूरी ब्यक्तिहरुलाई वितरण गरिने भएकोले आपतकालीन आश्रय स्थल सञ्चालन संगठनमा सल्लाह गर्नुहोस। |

| | |
|---|---|
| बस्ने स्थानको उपयोग | बस्ने स्थान (स्पेस) परिवार अनुसार अथवा क्षेत्र अनुसार बांदेर उपयोग गरिन्छ। |
| | बाहिर बाट आपतकालीन आश्रय स्थलमा फर्कन्दा जूताको हिलो आदि राम्ररी झार्नुहोस। साथै बस्ने ठाउँमा स्वच्छताको लागि जूता फुकाल्नुहोस। |
| | राति सूती राखेका ब्यक्तिहरु नउथ्ने गरी होस पुर्याउनु होस। |
| पाल्तू जनावरको बारेमा | कुकुर तथा बिरालो जस्ता पाल्तू जनावर आपतकालीन आश्रय स्थल भित्र पसाऊँन पाईंदैन। आपतकालीन आश्रय स्थल सञ्चालन संगठनले टोकिएको स्थानमा मालिकले हेरबिचार गर्नु होस। |
| गोप्यताको सुरक्षा | गोप्यताको सुरक्षाको लागि नचाहिने बेलामा अरुको ठाउँमा प्रवेश नगर्नु होला। |
| सर-सफाई | आपतकालीन आश्रय स्थल भित्र सधैं सफा राख्न सबै जना मिलेर सफा गर्नु होस। |
| | आपतकालीन आश्रय स्थल भित्र निस्केको फोहर मैला टोकिएको ठाउँमा मात्रै फल्नुहोस। |
| शौचालय | आपतकालीन अस्थाई शौचालयको उपयोग पछि चर्बीमा पानी हालेर पखाल्ने इत्यदी टोकिएको नियम अनुसार स्वच्छ राख्नुहोस। |
| आगलागीको रोकथाम | बस्ने ठाउँमा आगो प्रयोग गर्न अथवा धूम्रपान गर्न मनाही छ।<br>धूम्रपान टोकिएको ठाउँमा गर्नु होस। |
| फोनको उपयोगको बारेमा | मोबाईल इत्यादिमा गर्ने कुराहरु बस्ने ठाउँमा सकेसम्म नगरीकन त्यहाँ बस्ने अरु ब्यक्तिहरुलाई मर्का नपर्ने गरी गर्नु होस। |
| | बस्ने ठाउँमा म्यानर मोडमा राख्नुहोस। |
| | आपतकालीन आश्रय स्थल भित्र सार्वजनिक फोन (3 वटा, त्यस भित्र 1 वटा अन्तर्राष्ट्रिय कल गर्न मिल्ने) निशुल्क प्रयोग गर्न सकिन्छ।<br>अरु ब्यक्तिहरुलाई पनि ध्यानमा राखेर धैरै लामो कुरा नगर्नु होला। |
| आपतकालीन आश्रय स्थल बन्द गरिने | आपतकालीन आश्रय स्थल बन्द गरिने बेलामा अग्रिम सूचना द्वारा जानकारी दीईन्छ। |
| अन्य | अन्य आपतकालीन आश्रय स्थल , आफ्नो घर तथा परिचित ब्यक्तिको घर इत्यादिमा सर्ने बेलामा अवस्य आपतकालीन आश्रय स्थल सञ्चालन संगठनमा जानकारी दिनु होला। |